मिति:२०८२।०३।०८

लेटाङ नगरपालिका नगरकार्यपालिकाको
प्रस्ताव तथा निर्णयहरु:

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | नीति तथा कार्यक्रम र योजना तथा बजेट पेश सम्बन्धमा। | आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम र योजना तथा बजेट अनुमोदनका लागि नगरसभामा पेश गर्ने । |
| २ | आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ पेश सम्बन्धमा। | आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ नगर सभामा पेश गर्ने । |
| ३ | आय व्यय अनुमोदन तथा योजना फरफारक सम्वन्धमा। | संघ र प्रदेशबाट समानिकरण अनुदान, राजश्व बांडफांड, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान,यातायात कार रजिस्ट्रेशन शुल्क बापत प्राप्त अंश लगायत सम्पुर्ण आय र सोहि बमोजिमको व्यय भएका योजानाहरुको अनुसुची- १ बमोजिम फरफारक तथा अनुमोदनका लागि नगरसभामा पेश गर्ने । |
| ४ | न्यायिक समिति प्रतिवेदन सम्बन्धमा। | न्यायिक समितिको यस आ.व. २०८१।०८२ को वार्षिक न्यायिक प्रतिवेदन अनुमोदनका लागि नगरसभामा पेश गर्ने । |
| ५ | अधिकार प्रत्यायोजन सम्बन्धमा। | नगरसभाको सत्रौं बजेट अधिवेशन पछि र अठारौं हिउंदे अधिवेशन अघि यस अधिवेशनवाट स्विकृत भएका योजना, कार्यक्रम तथा वजेटमा सामान्य संशोधन गर्नुपर्ने भएमा, वाधा अड्काउ फुकाउनु पर्ने अवस्था देखिए वा कुनै निकायवाट स्रोत प्राप्त भए वा अनुमान बमोजिम प्राप्त नभए सो परिमारर्जन गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने । |
| ६ | करार सेवा सम्बन्धमा। | यस नगरपालिका अन्तर्गत करार सेवा र ज्यालादारीमा कार्यरत सम्पुर्ण कर्मचारीको पारिश्रमिक आगामी आ.व. २०८२।८३ मा निरन्तरता दिने साथै फिल्डमा खटिने इन्जिनियरिङ र नापी सेवाका कर्मचारीलाई आधारभुत तलबमानको १५(पन्ध्र )प्रतिशत हुने गरी फिल्ड भत्ता उपलब्ध गराउने विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने। |
| ७ | संशोधन तथा परिमार्जन सम्बन्धमा। | सोहौं हिउंदे अधिवेशनपछि योजना,कार्यक्रम तथा बजेटमा भएका संशोधन तथा परिमार्जन अनुसुची -२ बमोजिम अनुमोदनका लागि नगरसभामा पेश गर्ने। |
| ८ | बेरुजु फछ्यौंट सम्बन्धमा। | आ.व. २०८०।०८१ को तथा सो आ.व. अघि देखिका मलेप प्रतिवेदनले औंल्याइएका नियमित , पेश्की र असुलउपर गर्नुपर्ने बेरुजु सम्बन्धमा छलफल गरी आवश्यक प्रमाण र आधार पुगेका लेखा समितिवाट सिफारिस भई आएका अनुसुची - ३ बमोजिमका फछ्यौंट गर्नु पर्ने बेरुजु फछ्यौंट गरी सम्परीक्षणका लागि महालेखा परिक्षकको डोर समक्ष पेश गर्ने विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने। |
| ९ | स्थानीय न्युनतम दररेट सम्बन्धमा। | आर्थिक वर्ष २०८२।०८३ का लागि नगरपालिकालले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य र अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री,ज्याला, भाडा तथा महशुलको स्थानीय न्युनतम दररेट निर्धारण गर्दा मोरङ जिल्लाको न्युनतम दररेट निर्धारण |

| | | |
|---|---|---|
| | | समितिले निर्धारण गरे बमोजिम लेटाङ नगरपालिकाको स्थानीय न्युनतम दररेट तोक्न नगरकार्यपालिकालाई निर्देश गर्ने विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने । |
| १० | निर्णय अनुमोदन सम्बन्धमा। | आ.व. २०८१।०८२ को हालसम्मका कार्यपालिकावाट सम्पादित निर्णय तथा सोको कार्यान्वयन, विषयगत समितिका निर्णयहरु,न्यायिक समितिका निर्णयहरु , नगर प्रमुखका निर्णयहरु , प्रशासकीय निर्णयहरु , वडा समिति र वडा अध्यक्षवाट भएका सम्पुर्ण निर्णहयरु नगरसभामा अनुमोदनका लगि नगरसभामा पेश गर्ने। |
| ११ | भुक्तानी बांकि सम्बन्धमा | आव २०८१।०८२ मा सम्झौता भई कार्य संचालन भईरहेका तथा कार्य सम्पन्न भएका योजनाहरु स्रोत अभाव,म्याद थप, विपद लगायतका कारणले भुक्तानी हुन नसकेका योजनाको भुक्तानीको लागि कार्यालयमा पेश भई प्रमाणित भएका कागज प्रमाणका आधारमा आ.व. २०८२।०८३ मा अनुसुचि -५ बमोजिमको योजनाको सिर्जित दायित्व भुक्तानी गर्न सभामा पेश गर्ने निर्णय गरियो। |
| १२ | नदिजन्य पदार्थको विक्री मुल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन स्वीकृति दिने सम्बन्धमा । | ढुंगा गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा ६ बमोजिम तटबन्धन, नहर, पैनी/कुलो, सिचांई, खानेपानी जस्ता नगरपालिकाले आंफैले संचालन गर्ने नदिमा आधारित आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदिजन्य पदार्थको हकमा विक्री मुल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन स्वीकृति दिने विषय नगरसभामा पेश गर्ने निर्णय गरियो। |
| १३ | राजश्वव छुट सम्बन्धमा । | नगरपालिकाले राजश्व संकलन गर्ने आय ठेक्का,नदिजन्य पदार्थ लगायतको आय ठेक्कामा सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताले सम्झौताको बखत कवोल अंकको एकमुस्ट राजश्व रकम दाखिला गरेमा सो कवोल अंकको भ्याट बाहेकको रकममा १०(दश) प्रतिशत ले हुन आउने रकम छुट दिने सम्बन्धमा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने । |
| १४ | जेष्ठ नागरिक विधेयक सम्बन्धमा । | जेष्ठ नागरिक संरक्षण विधेयक, २०८२ नगर सभामा पेश गर्ने। |
| १५ | निर्माणाधीन बहुबर्षे ठेक्का योजना सम्बन्धमा । | १. निर्माणाधीन बहुबर्षे ठेक्का योजना सम्बन्धमा<br>क. दश शैया अस्पताल सम्बन्धमा :<br>- बजेट सुनिश्चितता नेपाल सरकार शसर्त अनुदान- १०८३३६००० <br>-सम्झौतित रकम- ९९९२६९३१.६४<br>-सम्झौतित म्याद २०७९ फाल्गुन २० गते सम्म<br>-म्याद थप भई कायम भएको मिति- २०८२ जेष्ठ मसान्त सम्म<br>-हाल सम्मको भुक्तानी – ७५४५८३३०।८३ (२०८२।२।२१)<br>-उक्त आयोजनाको म्याद नगरकार्यपालिकाबाट मिति २०८२ जेष्ठ मसान्त सम्म यस नगरकार्यपालिकाबाट थप आर्थिक दायित्व नपर्ने गरी थप भएकोमा, सो योजनाका लागि संघीय सरकारबाट रकम निकासा ढिलाई भएको, हाल उक्त आयोजना चालु अवस्थामा रहेको र निर्माण व्यवसायीले पुरा गर्ने प्रतिवद्धता समेत पेश गरेकोले मिति २०८२।०३।२० सम्म म्याद थप गरी संघीय सरकार सँग कार्य प्रगतिका आधारमा रकम माग गर्ने साथै प्राविधिक मूल्याङ्कन बमोजिम भेरियसन हुने भई थप रकम आवश्यक भएमा र सम्झौता बमोजिमको मूल्य समायोजनका कारण नरपालिकालाई |

| | | |
|---|---|---|
| | | सिर्जित हुने दायित्व आव २०८१।०८२ को नगद मौज्दातको वचतबाट व्यवस्थापन गर्न नगरसभालाई सिफारिस गर्ने ।<br>उक्त योजनाको मूल्य समायोजन:<br>खरिद सम्झौताको आधारमा सम्पन्न गर्ने शूरु मिति २०७९।११।३० सम्मको राष्ट्रबैङ्कबाट प्रकाशित इन्डेक्स तथा निर्माण व्यवसायीबाट प्रस्तुत इन्डेक्सलाई आधारमानी मूल्य समायोजन गणना गरिने। सोपछिको मूल्य समायोजन दिँदा सोही इन्डेक्सलाई स्थीरमान्ने तथापी हालको मूल्य समायोजन इन्डेक्स कम हुने भएमा सोही बमोजिम मुल्य समायोजन गणना गरी भुक्तानी गर्ने निर्णय गरियो ।<br>ख. अन्तरधार्मिक शान्ति पार्क सम्बन्धमा : अन्तरधार्मिक शान्ति पार्क निर्माण आयोजनाको ठेक्का सम्झौता बमोजिमको रकम सम्वन्धमा बांकि रहेको कार्यको भुक्तानी प्राविधिक कार्यसम्पादन मुल्यांकन बमोजिम चालु आव ०८१।८२ मा बांकि रहेको नगद मौज्दातको वचतबाट व्यवस्थापन गर्न नगरसभालाई सिफारिस गर्ने ।<br>ग. मुर्चुङ्गी खोला पुल सम्बन्धमा : मुर्चुङ्गी खोला पुल निर्माण आयोजनाको ठेक्का सम्झौता बमोजिमको रकम सम्बन्धमा बांकि रहेको कार्यको भुक्तानी प्राविधिक कार्यसम्पादन मुल्यांकन बमोजिम चालु आव ०८१।८२ मा बांकि रहेको नगद मौज्दातको वचतबाट व्यवस्थापन गर्न नगरसभालाई सिफारिस गर्ने। |
| १६ | कार्यविधि सम्वन्धमा । | मेलमिलाप केन्द्र संचालन सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| १७ | स्थानिय विदा सम्बन्धमा | लेटाङ नगरपालिकामा पर्ने धार्मिक तथा एतिहासिक बाराजी मेला कार्त्तिक पुर्णिमाका दिन र राजारानी मेला बैशाख २ गते स्थानीय बिदा दिन नगरसभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| १८ | आर्थिक सर्वेक्षण सम्बन्धमा। | नगरपालिकाको आव २०८०।०८१ को आर्थिक सर्वेक्षण प्रस्तुत गरी स्विकृत गरियो । |
| १९ | नगर क्षमता विकास योजना सम्बन्धमा। | नगर क्षमता विकास योजना (MCDP) छलफल गरी स्विकृत गरियो। |
| २० | कार्य क्षेत्र निर्धारण सम्वन्धमा। | प्रस्तावित उर्लावारी मालपोत कार्यालयको कार्यक्षेत्र निर्धारण गर्ने सम्बन्धमा छलफल हुंदा यस नगरपालिकाले उक्त नयां स्थापना हुने कार्यलयको केन्द्र नगरपालिका क्षेत्र भित्र रहने गरी माग गर्ने, उर्लावारीमा कार्यालय स्थापना भए समावेश नहुने र सो समेत नभए साविक बेलबारी मालपोत कार्यालयको क्षेत्र भित्र रहने गरी लेखि पठाउने निर्णय गरियो। |
| २१ | जग्गाको न्युनतम मुल्यांकन सम्बन्धमा। | लेटाङ नगरपालिकाको क्षेत्र भित्रका आ.व.२०८२।०८३ का लागि वडा समितिवाट सिफारिस भई आएको जग्गाको न्युनतम मुल्यांकनको प्रयोजनका लागि प्राप्त मुल्यांकन विवरण पारित गरि सम्बन्धित मालपोत कार्यालयमा पेश गर्ने निर्णय गरियो। |
| २२ | नगर शिक्षा योजना सम्वन्धमा। | लेटाङ नगरपालिकाको नगर शिक्षा योजना २०८१।८२ देखि २०९१ ।९२ स्वीकृत गर्ने निर्णय गरियो । |
| २३ | कृषि स्नातक कर्मचारीको अपुग पारिश्रमिक सम्वन्धमा। | कृषि स्नातक कर्मचारीको जेष्ठ महिनाको अपुग र असार महिनाको पुरा पारिश्रमिक करार सेवा शुल्कबाट भुक्तानी गर्ने |

<table>
<tr><td>२४</td><td>डेन्टल क्लिनिक संचालन अनुमति सम्बन्धमा।</td><td>जिल्ला मोरङ लेटाङ नगरपालिका-४ बस्ने नेत्र प्रसाद निरौलाले उक्त स्थानमा नेट औषधालय संगै डेन्टल क्लिनिक संचालन गर्न अनुमति माग गर्न घरेलु तथा सा उद्योग कार्यालयबाट सहमति प्रदान गर्न भनी लेखी आएकोमा अनुमतिको लागि सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>२५</td><td>पुरस्कार तथा सम्मान सम्बन्धमा।</td><td>नगरपालिका अन्तर्गत विभिन्न विषयगत शाखामा रहेको बजेट तथा कार्यक्रम उत्कृस्ट कर्मचारी, शिक्षक, कृषक,उपभोक्ता समिति,निर्माण व्यवसायि, तत् शाखाबाट आगामी कार्यपालिका बैठकमा सिफारिस गरी पेश गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२६</td><td>यातायात खर्च सम्बन्धमा।</td><td>खोपकेन्द्रमा खटिएका स्वास्थ्य कर्मीहरुलाई खोप सेवा संचालन बापत प्रति खोपकेन्द्र प्रति शेसन २ जनालाई रु ५०० यातायात खर्च भुक्तानी दिने निर्णय गरियो ।</td></tr>
<tr><td>२७</td><td>स्टक प्रमाणित म्याद थप सम्बन्धमा।</td><td>यस कार्यालयको च.नं. ८०४ मिति:२०८१।०७।१३ गतेको पत्र द्वारा तेली खोला पुल उत्तरपूर्व रहेको नदिजन्य पदार्थ स्टक प्रमाणित गरिएको र च.नं.१०३७ मिति:२०८१।०८।२० गतेको पत्रद्वारा उक्त स्टक प्रमाणिकरणको म्याद २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गरिएकोमा कांकरभिट्टा लौकही सडक योजना (पश्चिम खण्ड) को च.नं. २५८ मिति:२०८२।०३।०३ को पत्र र च.नं. ११९८३ मिति २०८२।०३।०८ गतेको जिल्ला प्रशासन कार्यालय मोरङको प्राप्त पत्र द्वारा उल्लेखित स्टक प्रमाणिकरणमा सहजिकरण गरी दिनुहुन भन्ने समेत बेहोराको पत्र प्राप्त भएको हुँदा उक्त स्टकको स्टक प्रमाणित असार मसान्त सम्मका लागि म्याद थप गर्ने। साथै चालु आ.व.२०८१।८२ मा स्विकृत IEE प्रतिवेदन अनुसार ठेक्का सम्झौतामा उल्लेखित परिणामको हकमा नगरपालिकाले तोकेको मापदण्ड भित्र रहि असार मसान्त सम्मका लागि स्टक प्रमाणित गर्ने।</td></tr>
<tr><td>२८</td><td>बिपद् व्यवस्थापन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिकामा अवस्थित देहायको पैनीहरूको मर्मत संभार तथा मुहान उठाउने संरक्षण गर्ने तथा सडकको पहिरो हटाउने जस्ता बिपद् व्यवस्थापन कार्यका लागि देहाय बमोजिमको बजेट विनियोजन गर्ने।(श्रोत: विपद् व्यवस्थापन कोष)<br><u>देहाय:</u><br>१. पूल दक्षिण पूर्व तर्फको मोरङ्गी पैनी स्तरउन्नती लेटाङ... - रू ३४७०६/-<br>२. भलेनी समीगौडा पैनी मर्मत लेटाङ-५ - रू ९९०००/-<br>३. लेटाङ नगरपालिका देविथान किर्तिमान मुहान पानी उकास - रू ९५०००/-<br>४. देवीथान मोरडी कृषक पैनि मुहान संरक्षण लेटाङ-८ रू ८००००/-<br>५. पार्टिखेत चिसाङ भुवा खोला चेनलाईज रू ६००००/-<br>६. चिसाङ खोला पुल दक्षिण खोला चेनलाईज रू ६००००/-<br>७. जौंते लालझोडा कुलुङ झरना सडक मर्मत रू२५०००/-</td></tr>
<tr><td>२९</td><td>बिपद् राहत सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आएको हावाहुरी तथा प्राकृतिक प्रकोपका कारण क्षति भएकाले निजहरूलाई देहायको आर्थिक सहयोग प्रदान गर्ने।(श्रोत: विपद् व्यवस्थापन कोष)<br><u>देहाय</u>
<table>
<tr><th>क.स.</th><th>नाम थर</th><th>ठेगाना</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री मनकुमारी राई</td><td>लेटाङ-५</td><td>५०००</td><td>हावाहुरी</td></tr>
<tr><td>२</td><td>श्री खेमराज आचार्य</td><td>लेटाङ-५</td><td>५०००</td><td>हावाहुरी</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>श्री रामप्यारी लिङदेन सेन्दाङ</td><td>लेटाङ-९</td><td>५०००</td><td>हावाहुरी</td></tr>
<tr><td>४</td><td>श्री अम्बिका ढकाल लम्साल</td><td>लेटाङ-२</td><td>५०००</td><td>हावाहुरी</td></tr>
<tr><td>५</td><td>श्री दलबहादुर लिम्बु</td><td>लेटाङ-७</td><td>२५०००</td><td>चट्याङ</td></tr>
</table>
</td></tr>
<tr><td>३०</td><td>छात्रावृती सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा सिफारिस भई आएका देहायको व्यक्तिहरूलाई छात्रावृती प्रदान गर्ने। (नगरस्तरिय छात्रावृती कार्यक्रम)<br><u>देहायः</u>
<table>
<tr><th>क.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री ललिना पहाडी</td><td>लेटाङ-६</td><td>८०००</td><td></td></tr>
<tr><td>२</td><td>श्री स्मृती रसाइली</td><td>लेटाङ-५</td><td>१००००</td><td></td></tr>
<tr><td>३</td><td>श्री मेनुका लिम्बु</td><td>लेटाङ-७</td><td>१००००</td><td></td></tr>
<tr><td>४</td><td>श्री गंगा लिम्बु</td><td>लेटाङ-७</td><td>१००००</td><td></td></tr>
<tr><td>५</td><td>श्री कृतिका कट्टेल</td><td>लेटाङ-२</td><td>१००००</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३१</td><td>झाडी सरसफाई सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं २ मा न्यौपाने चोक देखि लक्ष्मी मा.वि. साकोस मार्ग सम्म सडक दाँयाँ बाँयाँ झाडी सरसफाईका लागि रू३५०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः कार्यक्रम खर्च शिर्षक)</td></tr>
<tr><td>३२</td><td>मर्मत सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित श्री भोगटेनी आधारभूत विद्यालयको टयाङले हानी टिभि बिग्रिएर मर्मत गरेकोले उक्त मर्मतको भुक्तानी प्रदान गरिदिनुहुन भनी माग निवेदन प्राप्त भएकाले मर्मत गर्दा लागेको कुल लागत रू१२०००/- भुक्तानी प्रदान गर्ने। (श्रोतः मेशिनरी औजार मर्मत संभार)</td></tr>
<tr><td>३३</td><td>सूचना सम्प्रेषण सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका सूचना, सन्देश तथा विज्ञापान प्रकाशनका लागि भएको देहायको खर्चको भुक्तानी प्रदान गर्ने। (कार्यक्रम खर्च शिर्षक)
<table>
<tr><th>क.सं.</th><th>विवरण</th><th>ठेगाना</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सुकुना मिडिया एण्ड सर्भिस प्रा.ली</td><td>सुन्दरहरैचा-९</td><td>१६९५०</td><td></td></tr>
<tr><td>२</td><td>शिखरबास सन्चार सेवा प्रा.ली</td><td>सुन्दरहरैचा-७</td><td>१९०००</td><td></td></tr>
<tr><td>३</td><td>नेपाल पत्रकार महासंघ</td><td>मोरङ</td><td>२००००</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३४</td><td>भुक्तानी सम्बन्धमा।</td><td>लेटाङ नगर कार्यपालिकाको मितिः२०८१।१२।२६ गतेको निर्णयअनुसार उपलब्ध श्रोतबाट भुक्तानी दिने गरी सम्झौता गरी निर्माण भएको किर्तिमान मगर बौद्ध गुम्बा शौचालय निर्माणको सम्झौता रकम रू१९३६५६।७२ निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सभार खर्च शिर्षकबाट भुक्तानी प्रदान गर्ने।</td></tr>
<tr><td>३५</td><td>तारजाली खरिद सम्बन्धमा।</td><td>हाल देशैभरी मनसुन बढि रहेको तथा अझै मनसुन रहने अवस्था नदेखिएको अवस्था रहेको छ। उक्त अवस्थामा विपद् न्यूनिकरणका लागि लेटाङ नगरपालिकाबाट आ.व.२०८१।८२ खरिद गरी ल्याएको तारजाली समेत लगाई सकिएको हुँदा तारजाली खरिद शिर्षकमा मौज्दात रकमबाट तत्काल तारजाली खरिद गर्न निर्देशन प्रदान गर्ने।</td></tr>
</table>